नेपाल टेलिकम
NEPAL TELECOM

राष्ट्र निर्माण हाम्रो लक्ष्य

प.सं ०८३।८४
च.नं. प्रे.वि.नं. २३

मिति- २०८३।०६।२८

नेपाल टेलिकमको हुलाक सिम डेलिभरीको सुरुवात सम्बन्धमा

प्रेस विज्ञप्ति

नेपाल टेलिकमले आफ्ना ग्राहकहरूका लागि एक ऐतिहासिक र सुविधाजनक सेवा सुरु गरेको छ – हुलाक सिम सेवा । यस सेवा अन्तर्गत ग्राहकले अब टेलिकमको काउन्टरमा लाइनमा बस्न नपरी अनलाइन आवेदन दिई आफ्नो नयाँ प्रिपेड फिजिकल सिमकार्ड हुलाक मार्फत घरदैलोमा प्राप्त गर्न सक्नु हुनेछ ।

सूचना तथा सञ्चार मन्त्री माननीय डा. विक्रम तिमिल्सिनाले एक कार्यक्रमका बिच सो सेवाको शुभारम्भ गर्नुभयो । सो अवसरमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) र हुलाक सेवा विभागका महानिर्देशक मनमायाँ भट्टराई पंगेनीले पहिलो ग्राहकको रुपमा मन्त्री तिमिल्सिनालाई सिम हस्तान्तरण गर्नुभयो ।

उक्त कार्यक्रममा मन्त्री तिमिल्सिनाले सानो तर महत्वपूर्ण सेवाको सुरुवातको रुपमा हुलाक सिम सेवा वितरण भएको र पहिलो ऐतिहासिक ग्राहक बन्न पाएकोमा गर्व गर्दै उक्त सेवाको दायरा बढाउन निर्देशन दिनुभयो । उहाँले आगामी दिनमा बाँकी सेवाहरु समेत पूर्ण रुपमा अनलाइनमार्फत उपलब्ध गराई जनतालाई सहज रुपमा सेवा उपलब्ध गराउने सरकारको कदममा सहयोग पुऱ्याउन सकिने कुरामा जोड दिनुभयो ।

सूचना तथा सञ्चार मन्त्रालयका सचिव एवम् नेपाल टेलिकम, सञ्चालक समितिका अध्यक्ष राजेन्द्र कुमार पौडेलले हालको पुस्ताले अपेक्षा गरेको प्रविधि उपलब्ध गराउन सकेकोमा खुसी व्यक्त गर्दै सरकारी सेवा हुलाकमार्फत उपलब्ध गराउने सरकारको कदममा यसले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले दुई संस्था बिचको सहकार्यलाई आगामी दिनमा थप विस्तार गर्न निर्देशन दिनुभयो ।

नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) ले हाल कम्पनीले कार्यालय र डिलरहरुमार्फत सेवा उपलब्ध गराइरहेकोमा अब सेवाग्राहीको घर घर सम्म पुगन समेत सहज भएको र यो कम्पनीका लागि एक कोशेढुंगा भएको बताउनु भयो । उहाँले यसबाट सुगम क्षेत्र मात्र नभई सडकको पहुँच नभएका ग्रामीण क्षेत्रमा समेत सेवा उपलब्ध गराउन सकिने र आगामी दिनमा अन्य सेवाहरु समेत ग्राहकको घरदैलोमै पुऱ्याउनका लागि आवश्यक कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

हुलाक सेवा विभागका महानिर्देशक मनमायाँ भट्टराई पंगेनीले ग्रामीण क्षेत्रमा नेपाल टेलिकमका सेवा उपलब्ध गराउनका लागि हुलाकको भूमिका महत्वपूर्ण हुने बताउदै दुई संस्थाबिच आगामी दिनमा अन्य सेवा वितरणका लागि समेत सहकार्य गर्न सकिने बताउनु भयो ।

यो सेवा प्राप्त गर्नका लागि सेवाग्राहीले esim.ntc.net.np लगइन गरी त्यहाँ रहेको Postal SIM Portal मा क्लिक गरे पश्चात दिइएको निर्देशन अनुसार रजिष्टर गरी आवश्यक विवरण उपलब्ध गराउनु पर्नेछ । यसमा व्यक्तिगत विवरण अन्तर्गत पूरा नाम, जन्म मिति, ठेगाना र नजिकको ल्यान्डमार्क लगायतका विवरण उपलब्ध गराउनु पर्नेछ । त्यसैगरी प्रोफाइल फोटो र नागरिकता/राहदानीको अगाडि-पछाडिको स्पष्ट फोटो अपलोड गरी आफ्नो नजिकको नेपाल टेलिकमको काउन्टर छनोट गरी आवेदन पेश गर्नुपर्छ ।

त्यसपछि नेपाल टेलिकमबाट कागजात जाँच हुनेछ र यसको बारेमा एसएमएस मार्फत जानकारी दिइनेछ । आवेदन स्वीकृत भएमा भुक्तानी चरणमा अगाडि बढ्न सकिन्छ र सुधार आवश्यक भएमा आवश्यक विवरण सच्याउन सकिन्छ । त्यस पश्चात आवेदन स्वीकृत भएपछि सिम शुल्क र हुलाक डेलिभरी शुल्क मिलाएको जम्मा रकम अनलाइनमार्फत बुझाउन सकिन्छ । सिमका लागि रु. ९० र हुलाक डेलिभरीका लागि रु. ७० शुल्क लाग्ने छ । उक्त रकम जुनसुकै बैंकिङ एप वा डिजिटल वालेटबाट स्क्यान गर्न वा नमस्ते पेबाट सिधै भुक्तानी गर्न सकिन्छ ।

२०८३।०६।२८

सूचना तथा प्रकाशन शाखा,
प्रमुख व्यावसायिक अधिकृतको कार्यालय
भद्रकालीप्लाजा, काठमाण्डौ ।

नेपाल दूरसंचार कम्पनी लिमिटेड
Nepal Doorsanchar Company Ltd

फोन नं.
ना.प्र.नि : ०१४२१०१०६
प्रवक्ता : ०१४२१०२०४
सह-प्रवक्ता : ०१४२१०२९६
सूचना शाखा : ०१४२१०३०२

नेपाल टेलिकम
NEPAL TELECOM

भुक्तानी सम्पन्न भए पश्चात नेपाल टेलिकममार्फत मोबाइल नम्बर तोकी सेवाग्राहीलाई एसएमएस र इमेलमार्फत डेलिभरी कन्फर्मेसन र एक्टिभेसन कोड पठाइन्छ। उक्त एक्टिभेसन कोड सम्बन्धित ग्राहकले सुरक्षित राख्नु पर्छ र पछि सिम सक्रिय गर्न यो अनिवार्य हुन्छ।

त्यसपछि सेवाग्राहीको नजिकको हुलाक कार्यालयबाट सिम पठाइनेछ। सो सिम कहाँ पुग्यो भन्ने बारेमा समेत ट्र्याकिङ गर्न सकिने व्यवस्था गरिएको छ।

हुलाक कर्मचारीले सेवाग्राहीको घरैमा सिम पुऱ्याई दिने छन्। सो अवस्थामा सेवाग्राहीले आफ्नो मोबाइल नम्बर र आवश्यक विवरण उपलब्ध गराउनु पर्नेछ।

यसरी उपलब्ध भएको सिम दुई तरिकाले सक्रिय गर्न सकिने छ। पोर्टलमा लगइन गरी एक्टिभेसन कोड प्रविष्ट गरेर वा नयाँ सिमबाट *1414# डायल गरे पश्चात सिम सक्रिय हुनेछ।

हुलाक सिम सेवा रजिस्ट्रेसन देखि सिमकार्ड प्राप्ति सम्मको विस्तृत प्रक्रिया https://www.ntc.net.np/post/nt-postal-online-sim-service लिंकमा उपलब्ध म्यानुअलबाट प्राप्त गर्न सकिन्छ।

२०८३/०६/२८

डा. कमल लामिछाने
प्रवक्ता

सूचना तथा प्रकाशन शाखा,
प्रमुख व्यावसायिक अधिकृतको कार्यालय
भद्रकालीप्लाजा, काठमाण्डौं।

नेपाल दूरसंचार कम्पनी लिमिटेड
Nepal Doorsanchar Company Ltd

फोन नं.
ना.प्र.नि : ०१४२१०१०६
प्रवक्ता : ०१४२१०२०४
सह-प्रवक्ता : ०१४२१०२९६
सूचना शाखा : ०१४२१०३०२